# कीर्तिपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालयको
## ग्राभेल खरिद सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७८/०२/३१)

यस कीर्तिपुर नगरपालिकाबाट आ.ब. २०७७/०७८ मा नगर भित्रका (वडा नं. १ देखि १० सम्म) विभिन्न सडकहरुको मर्मत संभारका लागि आवश्यक पर्ने ग्राभेल दरभाउपत्रका माध्ययमबाट (प्रति एक घन मीटर) मूल्य सबैभन्दा घटी थोक मूल्य कबोल गर्ने सप्लायर्स, फर्म तथा कम्पनीहरुबाट खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न ईजाजत प्राप्त आपूर्तिकर्ता फर्म तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रित पूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु सिलवन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्ने छ।

२) दरभाउपत्र फाराम खरीद गर्नको लागि दरभाउपत्रदाता ले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार भएको खरिद प्रणाली (bolpatra.gov.np/egp) बाट खरिद र पेश गर्नुपर्नेछ ।

३) बिल अफ क्वान्टिटीमा ग्राभेलको परिमाणमा प्रति एक घन मीटरमा उल्लेख गरिएको छ। नगरपालिकाले तोकेको परिमाणमा ग्राभेल माग गरेमा पनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमै ग्राभेल उपलब्ध गराउनु पर्ने छ। कबोल गरेको दररेट आ.ब. ०७७/०७८ सम्म मात्र मान्य रहनेछ।

४) सिलबन्दी दरभाउपपत्र खरिद गर्नका लागि कृषि विकास वैक, कीर्तिपुर शाखाको खाता नामः- कीर्तिपरु न.पा. (ग - १.१) — आन्तरिक राजश्व, ***खाता नं.*** 0211100047277011 मा दरभाउपत्र कागजातको दस्तुर रु. १,०००/- जम्मा गरी खरिद गर्नुपर्नेछ ।

५) सिलबन्दी दरभाउपत्र साथ धरौटीका लागि यस नगरपालिकाको कृषि विकास बैक, कीर्तिपुर शाखामा रहेको धरौटी खाता ***(GA-3) 0211100047277125*** मा रु ४५,०००।- धरौटी रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ।

६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

७) यस नगरपालिकाको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.मा सुरक्षित रहने छ।

१०) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | पेश गर्नुपर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | KRM - 33/2077/ 078 | की.न.पा. भित्रका (वडा नं. १ देखि १० सम्म) विभिन्न सडकहरुको मर्मत संभारका लागि खरिद गरिने ग्राभेल | २०७८/०३/०७ गते मध्यान्ह १२-०० बजेसम्म | २०७८/०३/०७ गते दिउसो १४-०० बजे | १०००।- |